संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-३

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*

*बैठक अन्त्य : २:४२ बजे*

२०७९ माघ ५, बिहीबार

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको तेस्रो बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय अनिता देवकोटा**ले नवनियुक्त प्रधानमन्त्री र मन्त्रीहरूलाई बधाई दिनुहुँदै दाङको सडक निर्माणमा भएको ढिलासुस्तीको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय इन्दु कडरिया**ले वि.सं. २०७९ माघ १ गते यति एयरको दुर्घटनामा परी ज्यान गुमाउनेहरू प्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै यस्ता घटना फेरी नघट्ने वातावरण निर्माण गर्न सरकार समक्ष माग गर्नुभयो।

**माननीय खिमलाल देवकोटा**ले कोरियन क्रिश्चियन मिशनरीले बुद्धको जन्मभूमिमा धर्म परिवर्तन गराउन सक्रिय रहेको खबर बीबीसीले प्रकाशन गरेको समाचारप्रति सरकारको ध्यानकर्षण गराउनुहुँदै यस्ता क्रियाकलाप गर्ने विरुद्ध कडा कानुनी कारबाहीको माग गर्नुभयो ।

**माननीय दिलकुमारी रावल थापा (पार्वती)** ले वि.सं. २०७९ माघ १ मा भएको हवाई दुर्घटनाको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै जाँचबुझ आयोगको प्रतिवेदन यथाशीघ्र प्रकाशन गरी प्रतिवेदनका सिफारिस कार्यान्वयनको सुनिश्चितताको माग गर्नुभयो ।

**माननीय नन्दा चपाई**ले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सरकार तथा सबै सरोकारवाला पक्ष एकजुट हुनुपर्ने विषयलाई जोड दिनुहुँदै वीर अस्पतालमा आन्द्राको एमआरआई गर्ने मेशिन अलपत्र परेको तथ्यका साथ स्वास्थ्य क्षेत्रमा रहेको लापरवाहिपना अन्त्य गरी नागरिकको स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूतिका लागि सरकार समक्ष माग गर्नुभयो ।

**माननीय प्रकाश पन्थ**ले सुशासनको खिल्ली उडाउने तरिकाले स्वार्थ निहीत मन्त्रालय रोज्ने प्रवृत्ति देखिएकाले यस्तो कार्य रोक्न र स्वार्थ गाँसिएका मन्त्रालयका मन्त्रीको नैतिकताको आधारमा तत्काल राजिनामाको माग गर्नुभयो । उहाँले संयुक्त राष्ट्रसंघीय सन्धि अनुरूप हुने गरी स्वार्थको द्वन्द्वसम्बन्धी ऐन तत्काल ल्याउन समेत सरकार समक्ष माग गर्नुभयो ।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले नेपालमा आत्महत्याको सङ्ख्या बढेको र सोका लागि पोस्टमार्टम गर्नुपर्ने तर सरकारी अस्पताल शनिवार र अन्य विदाको दिन बन्द रहँदा पोस्टमार्टममा समस्या देखिएकोले विदाको दिनमा समेत यस्ता अस्पताल खुला हुने व्यवस्था गर्न स्वास्थ्य तथा जनजसङ्ख्या मन्त्रालयको ध्यान आकृष्ट गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"शून्य समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय नरबहादुर विष्ट**ले वि.सं. २०७९ माघ १ गते भएको यति एयरलाइन्सको दुर्घटनमा ज्यान गुमाउने व्यक्तिहरू प्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै नयाँ मन्त्रीमण्डललाई बधाई तथा सफल कार्याकालको सुभकामना व्यक्त गर्नुभयो । उहाँले वर्तमान सरकार सहमतिमा बनेकोले जनताका सुशासन र समृद्धिको आकांक्षा पुरा गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय कमला पन्त**ले नेपालको यातायात क्षेत्रमा रहेको समस्या समाधानका लागि सडक निर्माण मापदण्ड बनाएर सोको प्रभाकारी कार्यान्वयन गरी सुरक्षित सडकको प्रत्याभूति सुनिश्चित गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय तुलसा कुमारी दाहाल**ले नवनिर्वाचित संघीय संसद प्रतिनिधिसभाका सांसद, प्रदेश सभाका सांसद, संघीय सरकारका मन्त्री र प्रदेश सरकारका मन्त्रीलाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै राष्ट्रिय गौरवका आयोजनाको शीघ्र समापन तथा विकास क्रियाकलापलाई पहिलो प्राथमिकतामा राखेर कार्य गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय मदन कुमारी शाह गरिमा**ले वि.सं. २०७९ पुस २५ मा भारतको लखनउँमा भएको बस दुर्घटना र माघ १ मा भएको यति एयरलाइन्सको विमान र्घटनामा परी ज्यान गुमाउहरू प्रति समवेदना प्रकट गर्नुहुँदै विमान दुर्घटनापश्चात् हुने छानविन समितिको प्रतिवेदन झारा टार्ने प्रकृतिको हुने गरेकाले नेपालको पर्यटनमा समेत नकारात्मक प्रभाव परेकाले यस्तो अवस्थाको अन्त्य गर्न सरकार समक्ष माग गर्नुभयो।

**माननीय विना पोखरेल**ले वि.सं. २०७९ मंसिर ४ गते भएको निर्वाचनमा निर्वाचित प्रदेश तथा संघीय संसदका माननीय सदस्यहरूलाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै नयाँ सरकार निर्माणसँगै जनतामा नयाँ आशा जागृत भएकाले सो आशा मर्न नदिने तवरले कार्य गर्न सरकार समक्ष अनुरोध गर्नुभयो ।

**माननीय सुमित्रा बी.सी.**ले नवगठित मन्त्रीपरिषद्लाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै वि.सं. २०७९ माघ १ मा भएको विमान दुर्घनामा ज्यान गुमाउने व्यक्तिहरू प्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो। उहाँले दुर्घटनाबाट ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली र शोक विदा मात्र दिने तर सुधारका कार्य नगर्ने प्रवृत्ति अन्त्यको माग गर्नुभयो ।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले देशका सबैजसो प्रहरी कार्यालयको कार्यालय भवनको स्थिति नाजुक रहेकाले यसको सुधार गर्न गृहमन्त्री र सरकारको ध्यानाकर्षण गराउनुहुँदै राहदानी प्राप्त गर्न जनताले भोग्नु परेको सास्ती हटाउन जिल्लास्तरबाट समेत विद्युतीय राहदानी वितरणको व्यवस्था गर्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय शारदा देवी भट्ट**ले कृषकलाई राज्यले दोस्रो दर्जाको नागरिकको व्यवहार गरेको आभाष भएकाले यस्तो अवस्थाको अन्त्य गरी कृषिको व्यावसायिकीकरण गर्दै देशमा कृषि रोजगारीको अवसर सिर्जनामार्फत् वैदेशिक रोजगारीका लागि विदेशिनु पर्ने बाध्यता अन्त्य गर्न सरकार समक्ष माग गर्नुभयो।

**माननीय नारायणदत्त मिश्र**ले राष्ट्रिय सभाबाट मन्त्री पदमा नियुक्त मन्त्रीद्वय माननीय उपप्रधान; भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ र माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्याललाई बधाई तथा सफल कार्यकालको सुभकामना व्यक्त गर्नुहुँदै आफ्नो कार्य प्रभावकारी तवरबाट गर्न अनुरोध गर्नुभयो ।

**माननीय गोपी बहादुर सार्की आछामी**ले नवगठित सरकारमा जनताको विश्वास रहेकाले देशमा विद्यमान समस्या समाधानका लागि एकता आवश्यक रहेको उजागर गर्नुहुँदै डा. सन्दुक रुइतले इसा अवार्ड प्राप्त गर्नुभएकोमा बधाई साथै उक्त अवार्ड प्रदान गर्ने बहराइन सरकारलाई धन्यवाद प्रदान गर्नुभयो । उहाँले निजामतीसँग जोडिएका, शान्ति प्रक्रियासँग जोडिएका र नागरिकतासँग जोडिएका विधेयकहरू यथाशीघ्र ल्याउन आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठनसम्बन्धी प्राप्त पत्रको ब्यहोरा देहायबमोजिम जानकारी गराउनुभयो ।

**"विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/१०/३ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजनसमेत गर्नु भएको ब्यहोरा सादर अनुरोध गर्दछु।

| **क्र.सं.** | **नाम, थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | युवा तथा खेलकुद; वन तथा वातावरण |
| २. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह |
| ५. | श्री राजेन्द्रप्रसाद लिङ्देल | उपप्रधानमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ६. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ७. | श्री विक्रम पाण्डे | मन्त्री | शहरी विकास |
| ८. | श्री ज्वाला कुमारी साह | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ९. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १०. | श्री राजेन्द्र कुमार राई | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ११. | श्री अब्दुल खान | मन्त्री | खानेपानी |
| १२. | डा. विमला राई पौड्याल | मन्त्री | परराष्ट्र |
| १३. | श्री पदम गिरी | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १४. | श्री भगवती चौधरी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १५. | श्री हरिप्रसाद उप्रेती | मन्त्री | रक्षा |
| १६. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १७. | श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| १८. | श्री शिशिर खनाल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री डोलप्रसाद अर्याल | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २०. | श्री ध्रुवबहादुर प्रधान | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| २१. | श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २२. | डा. तोसिमा कार्की | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २३. | श्री दिपक बहादुर सिंह | राज्यमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |

(यादवप्रसाद कोइराला)

सचिव

मितिः २०७९/१०/३"

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय मृगेन्द्र कुमार सिंह यादवलाई राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गरेको जानकारी गराउनुहुँदै प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा मनोनयनसम्बन्धी उक्त प्रस्तावित नाम सभाबाट अनुमोदन भयो।

त्यसलगत्तै सम्माननीय अध्यक्षले यस बैठकको कार्यसूचीको क्र.सं. ३ को विषयलाई कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "नेपाल विश्वविद्यालय विधेयक, २०७९" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनालको तर्फबाट माननीय परराष्ट्र मन्त्री विमला राई पौड्याललाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो। लगत्तै माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष पेश गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०७९ साल माघ १० गते मङ्गलबार अपराह्न १:०१ बजे** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव